# श्री नमुना सामुदायिक वन उपभोक्ता समुह

## शिवराज न.पा.-९, कपिलवस्तु

### काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रिको सुचना

ईश्वर गिरी
अध्यक्ष
नमुना स.व.उ.स. बनियाभार

प्रथम पटक प्रकाशित मिति : २०८२/०४/१८

नमुना सामुदायिक वन उपभोक्ता समुहको वन बाट आ.व.२०८१/०८२ मा उत्पादित सा.व. घाटगद्दीमा रहेको काठ तथा दाउरालाई १, २ र ३ नं. लट कायम गरी निम्न जात र परिमाणको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगले मात्र यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्रमा बोलपत्र खरिद गरी २२ औ दिनको २:०० बजे सम्ममा लटको सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**वन पैदवारको विवरण**

| सि.न. | लट नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मुल्य रु | संकलन खर्च रु. | धाङ् |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८२/०८३ | खयर | N | ६५५ | ७५७.३३ | ७५७३३०.०० | ११५८७१.४९ | ढलापडा तर्फ २७ पुनरुत्पादन कटान तर्फ ३ (आ.व.२०८१/०८२ को उत्पादन) |
| | | **जम्मा** | | ६५५ | ७५७.३३ | ७५७३३०.०० | ११५८७१.४९ | |
| २ | २/०८२/०८३ | कर्मा | A | ११ | १२२.१ | ४८८४०.०० | १८६८१.३ | ढलापडा तर्फ १२ पुनरुत्पादन कटान तर्फ ४, ५, ६ र ७ (आ.व.२०८१/०८२ को उत्पादन) |
| | | | B | ३८ | १७९.२६ | ५३७७८.०० | २७४२६.७८ | |
| | | | C | ५ | १४१.४६ | १४१४६.०० | २१६४३.३८ | |
| | | कर्मा Total | | ५४ | ४४२.८२ | ११६७६४.०० | ६७७५१.४६ | |
| | | बर्रो | N | २१ | १४६.०३ | २९२०६.०० | २२३४२.५९ | |
| | | **बर्रो Total** | | २१ | १४६.०३ | २९२०६.०० | २२३४२.५९ | |
| | | बाँझी | N | ७ | ५३.६३ | ५३६३.०० | ८२०५.३९ | |
| | | **बाँझी Total** | | ७ | ५३.६३ | ५३६३.०० | ८२०५.३९ | |
| | | जामुन | A | ५ | १४४.७३ | ५७८९२.०० | २२१४३.६९ | |
| | | | B | २५ | २४९.५९ | ७४८७७.०० | ३८१८७.२७ | |
| | | | C | ८३ | ३४८.५८ | ३४८५८.०० | ५३३३२.७४ | |
| | | जामुन Total | | ११३ | ७४२.९ | १६७६२७.०० | ११३६६३.७ | |
| | | दवदवे | N | २५ | १२९.५६ | १२९५६.०० | १९८२२.६८ | |
| | | **दवदवे Total** | | २५ | १२९.५६ | १२९५६.०० | १९८२२.६८ | |
| | | अन्य | N | १९ | २२१.०२ | २२१०२.०० | ३३८१६.०६ | |
| | | **अन्य Total** | | १९ | २२१.०२ | २२१०२.०० | ३३८१६.०६ | |

# श्री नमुना सामुदायिक वन उपभोक्ता समुह

## शिवराज न.पा.-१, कपिलवस्तु

ईश्वर गिरी
अध्यक्ष
नमुना स.व.उ.स. बानियाभार

| सि.नं. | लट नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मुल्य रु | संकलन खर्च रु. | धाङ |
|---|---|---|---|---|---|---|---|---|
| | | बेल | N | २ | ५.८८ | ५८८.०० | ८९९.६४ | |
| | | बेल Total | | २ | ५.८८ | ५८८.०० | ८९९.६४ | |
| | | जम्मा | | २४१ | १७४१.८४ | ३५४६०६.०० | २६६५०१.५२ | |
| ३ | ३/०८२/०८३ | अन्य | | दाउरा | ११ चट्टा | ४४०००. | १८३५९०. | |
| | | अन्य Total | | दाउरा | ११ चट्टा | ४४०००. | १८३५९०. | |
| | | कुल जम्मा | | | | ११५५९३६.०० | ५६५९६३.०१ | |

(१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८२/०५/०७ (ख) समय :- ५:०० वजे सम्म। २१ औं दिन सार्वजनिक विदा परेमा २२ औं दिनको सिलवन्दी बोलपत्र दाखिला गर्ने समय भन्दा १ घण्टा अघि सम्ममा बोलपत्र खरिद गरि बोलपत्र दाखिला गर्नु पर्नेछ।

(२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८२/०५/०८ ( २२ औं दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट बोलपत्र दाखिला गर्न पर्नेछ।

(ख) समय :- दिनको ठीक २.०० वजे सम्म।

(३) बोलपत्र फाराम लट नं. १को हकमा रु १०००. लट नं. २को हकमा रु १००० र लट नं ३ को हकमा रु ३०० पछि फिर्ता नहुने गरी तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) बाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ।

(४) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको शाखा कार्यालय चन्द्रौटामा रहेको नेपाल बैंक लिमिटेड, चल्ती खाता नं. २२८००१०११२२२५२००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस नमुना सा.व.उ.स. को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

(६) संघिय वन नियमावलीको नियम २५ (३) बमोजिम वन पैदावारमा आधारित उद्योग र सोही नियमावलीको नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत उद्योगहरु मध्ये लिलाममा भाग लिन ईच्छुक उद्योगका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी , कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सुचिकृत भएको पत्रको प्रतिलिपी सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ।

(७) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०५/०९ गते विहानको ११.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भए पश्चात यथाशिघ्र छिटो सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

(१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको अख्तियारवाला पदाधिकारीमा हुनेछ।

११) बोलपत्र दाखिला गर्ने/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ।

(१२) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क राख्नु होला।

(१३) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन।

(१४) टेण्डर फारममा टिपेक्सको प्रयोग गर्न पाईने छैन। टिपेक्स प्रयोग भएका टेण्डरहरु रद्द गरिने छ।

(१५) बैंक बाट जारी भएको बैंक जमानत पत्र सक्कल प्रति पेश हुनुपर्ने छ। फोटोकपी, स्क्यान प्रति पेश भएमा मान्य हुने छैन।